# छायाँनाथ रारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
चलानी नं. : १५०१

सेवा करारमा नगर प्रहरी पदपूर्ति सम्बन्धी प्रथम पटक प्रकाशित सूचना ।

मिति:-२०८०/१२/०१

यस छायाँनाथ रारा नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/११/२७ गतेको निर्णयानुसार रिक्त रहेका नगर प्रहरी हवल्दार(तृतीय तह)पदका लागि खुला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त फाराम भरी बुझाउन सकिने व्यहोरा जानकारी गराईन्छ ।

| क.सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १ | १०/२०८०/२०८१ | नगर प्रहरी हवल्दार (तृतीय तह) | २(दुई) |

१.दरखास्त पाईने र बुझाउने स्थानः- छायाँनाथ रारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गमगढी मुगु।दरखास्त फाराम यस कार्यालयको वेवसाइट www.chhayanathraramun.gov.np बाट समेत Download गर्न सकिनेछ ।

२. दरखास्त दस्तुरः दरखास्त फारामका साथ दरखास्त दस्तुर वापत रु.३०० (अक्षेरुपी तिन सय मात्र) दरखास्त दस्तुर यस कार्यालयको राजश्व प्रशासन शाखामा बुझाउनु पर्नेछ।

३. दरखास्त अन्तिम मितिः २०८०२/१२/१९ गते बेलुकि ५ बजे सम्म।

४.सम्पर्क मितिः २०८०/१२/२० गते कार्यालय समय भित्र।

५.उमेरः (क)दरखास्त आव्हान भएको सालको बैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको तर बहालवाला नगर प्रहरीको हकमा ४० वर्ष ननाघेको।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

(ङ) छाति नफुलाउदा घटीमा ३१ ईन्च र फुलाउदा ३३ ईन्च भएको।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(छ) नेपाली नागरिकताको प्रमाणपत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(झ) हालसालै खिचेको पुरै मुखाकृति देखिने पासपोर्ट साईजको फोटो दुई प्रति ।

पशुपती खाती
नि.प्रमुख प्रशासकीय अधिकृत

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

फोन नं. ०८७-४६०२५२,४६०२५३,४६०२५४ Email : info@chhayanathraramun.gov.np, Website: www.chhayanathraramun.gov.np